# लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकालाई सहयोग उपलब्ध गराउन सेवा प्रदायक संस्था छनौट तथा सेवा शुल्क/अनुदान उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०८३

राष्ट्रिय महिला आयोग,

भद्रकालीप्लाजा, काठमाडौं ।

राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रमाणीकृत विधायनको प्रकृति: निर्देशिका
दर्ता नं: ९१०८३
दर्ता मिति: २०८३।०१।१०

# लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकालाई सहयोग उपलब्ध गराउन सेवा प्रदायक संस्था छनौट तथा सेवा शुल्क/अनुदान उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०८३

प्रस्तावना: महिला उपर हुने लैङ्गिक तथा घरेलु हिंसाको घटनालाई तत्काल सम्बोधन गर्दै हिंसा पीडित/प्रभावित महिला तथा बालबालिकाको उद्धारलाई प्रभावकारी बनाई उनीहरुलाई प्रदान गरिने स्वास्थ्योपचार, मनोसामाजिक परामर्श, सुरक्षित आश्रयस्थल तथा आयआर्जनमूलक सीप प्रशिक्षण सेवा तथा कानूनी परामर्श एवं सहायतालाई गुणस्तरीय, मर्यादित, व्यवस्थित र न्यायपूर्ण हिंसामा परेका महिला तथा बालबालिकालाई आवश्यक सहयोगका निम्ति सेवा प्रदायक संस्थाहरुमा प्रेषण गर्ने प्रणालीलाई चुस्त, पारदर्शी र प्रभावकारी तुल्याउन तथा सेवा प्रदायक संस्थाहरुलाई उपलब्ध गराइने सेवा शुल्क/ अनुदानलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय महिला आयोगले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यो निर्देशिकाको नाम "लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकालाई सहयोग उपलब्ध गराउन सेवा प्रदायक संस्था छनौट तथा सेवाशुल्क/अनुदान उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०८३ रहेको छ ।"

(२) यो निर्देशिका २०८३ साल बैशाख ४ गते देखि लागू हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २५२ बमोजिम गठित "राष्ट्रिय महिला आयोग" सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले "राष्ट्रिय महिला आयोग ऐन, २०७४" सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले "राष्ट्रिय महिला आयोग नियमावली, २०७८" सम्झनु पर्दछ ।

(घ) "मूल्याङ्कन तथा सिफारिश समिति" भन्नाले दफा १५ बमोजिमको समिति सम्झनु पर्दछ ।

(ङ) "सेवा प्रदायक संस्था" भन्नाले लैङ्गिक तथा घरेलु हिंसा पीडित/प्रभावित महिला, बालबालिका तथा आश्रित बालबालिकाहरुलाई स्वास्थ्योपचार, सुरक्षित आवास, मनोसामाजिक परामर्श, कानूनी उपचार सेवा लगायतका कल्याणकारी सेवाहरु प्रदान गर्ने सेवामुखी संस्था सम्झनुपर्दछ।

(च) "सेवा शुल्क/अनुदान" भन्नाले दफा १७ बमोजिम सेवा प्रदायक संस्थालाई तोकिएको सेवा प्रदान गरेबापत उपलब्ध गराइने रकमलाई बुझिन्छ ।

(छ) "हिंसा" भन्नाले प्रचलित कानूनमा उल्लेख भए बमोजिमका महिला विरुद्ध हुने लैङ्गिक तथा घरेलु हिंसालाई बुझ्नुपर्दछ ।

## परिच्छेद-२

## हेल्पलाइन सेवा सञ्चानल सम्बन्धी व्यवस्था

३. <u>हेल्पलाइन सेवा सञ्चालन गर्न सक्ने:</u> आयोगले हिंसा पीडित/प्रभावित महिलाहरुको लागि देहाय बमोजिमको प्रयोजनका लागि खबर गरौं ११४५ हेल्पलाइन सेवा सञ्चालन गर्न सक्नेछ ।

(क) महिला हिंसाको रोकथाम र हिंसा पीडित/प्रभावित महिला तथा निजसँग आश्रित बालबालिकाका लागि आवश्यक सुनिश्चितता गर्न,

(ख) हिंसामा परेका महिला तथा निजसँग आश्रित बालबालिकाको संरक्षण तथा उनीहरुको लागि सहज न्याय प्रासिको सुनिश्चितता गर्न,

(ग) आयोगलाई प्रास महिला हिंसाका उजुरी सुन्ने कानूनी अधिकारको कार्यान्वयनमा सहयोग गर्न,

(घ) चौबीसै घण्टा हेल्पलाइन सेवा मार्फत हिंसा पीडित/प्रभावित महिलालाई तत्कालै उद्धार, संरक्षण र राहत प्रदान गर्न,

(ङ) हिंसा पीडित/प्रभावित महिला, किशोरी तथा बालिका र आश्रित बालबालिकालाई आवश्यक पर्ने सहयोगका लागि विभिन्न सेवा प्रदायक संस्थाहरुमा सिफारिस गर्न,

(च) हिंसा पीडित/प्रभावित महिला, किशोरी तथा बालिका र आश्रित बालबालिकालाई पुन:स्थापना गर्न,

(छ) महिला हिंसा र कुरीति विरुद्ध सामाजिक जागरणका लागि सचेतनामूलक अभियानमा सहयोग गर्न ।

४. निःशुल्क हेल्पलाइन ११४५ बाट दिइने सेवाहरु: महिला तथा बालबालिका विरुद्ध घर, समाज तथा कार्यक्षेत्रमा हुने हिंसा तथा सामाजिक कुरीतिबाट पीडित/प्रभावित महिला एवं बालबालिकालाई तत्काल सहयोग पुऱ्याउनका लागि हेल्पलाइनबाट देहाय बमोजिमको सेवा प्रवाह गरिनेछ:-

(क) निशुल्क ११४५ हेल्पलाइन सेवा २४ सै घण्टा सञ्चालन,

(ख) फोनबाटै उजुरी दर्ता तथा सूचना अभिलेखिकरण,

(ग) तत्काल उद्धार, संरक्षण तथा प्राथमिक उपचार एवं स्वास्थ्य उपचार सेवाका लागि समन्वय,

(घ) देहाय बमोजिमको कुनै वा सबै सेवाका लागि समन्वय तथा सिफारिस:

(अ) मनोसामाजिक परामर्श/मनोविमर्श सेवा,

(आ) कानूनी परामर्श तथा कानूनी सहायता,

(इ) पीडित/प्रभावित स्वयं वा निजमा आश्रित बालबालिका वा दुवैको लागि सुरक्षित आवास वा आश्रयस्थल सेवा,

(ई) आयआर्जनमूलक सीप, तालिम, प्रशिक्षणमा सहभागिता ।

(ङ) पारिवारिक पुन:स्थापना, मेलमिलाप, मध्यस्थता तथा वैकल्पिक पुन:स्थापना,

(च) घटनाको तत्काल स्थलगत अनुगमन तथा पीडित/प्रभावितको उद्धार,

(छ) सरोकारवालाहरुसँग सहकार्य तथा समन्वय

(ज) हेल्पलाइन मार्फत प्रदान गरिने सेवाको प्रवर्द्धन तथा सचेतना विस्तार,

(झ) स्वीकृत वार्षिक कार्यक्रम अनुसार पीडित/प्रभावितका लागि विशेष कार्यक्रम सञ्चालन ।

## परिच्छेद-३

## सेवा प्रदायक संस्थाहरुको छनौट र सेवा शुल्क/अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था

५. सेवा प्रदायक संस्थाहरुमा सिफारिश गर्न सकिने: (१) खबर गरौं ११४५ हेल्पलाइन सेवा मार्फत वा आयोगमा स्वयं उपस्थित भई वा विभिन्न माध्यमले आयोगको सम्पर्कमा आई सहायता माग गर्ने हिंसा पीडित/प्रभावित महिला, बालिका, किशोरी तथा आश्रित बाल-बालिकाहरुलाई आवश्यक पर्ने सहयोगको पहिचान गरी सो सेवा

उपलब्ध गराउन दफा १२ बमोजिम सम्झौता गरिएका सम्बन्धित सेवा प्रदायक संस्थाहरुमा सिफारिस गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा एक भन्दा बढी सहयोग आवश्यक पर्ने देखिएमा यस कार्यविधिको दफा ४ को खण्ड (घ) मा उल्लेख भए बमोजिमका सेवाहरु उपलब्ध गराउने एक भन्दा बढी सेवा प्रदायक संस्थाहरुमा सिफारिश गर्न सकिनेछ ।

६. सिफारिश गर्दा प्राथमिकता दिनुपर्ने: दफा ५ बमोजिम विभिन्न किसिमको सेवा माग गर्ने हिंसा पीडित/प्रभावितहरुलाई सेवा प्रदायक संस्थामा सिफारिश गर्दा देहायका आधारमा प्राथमिकीकरण गर्नुपर्नेछ ।

(क) हिंसा पीडित/प्रभावितको शारीरिक, मानसिक स्थिति र घाउचोटको गम्भीरता,

(ख) आर्थिक रुपमा विपन्न,

(ग) दुर्गम ग्रामीण क्षेत्रको बासिन्दा,

(घ) एकल वा सहारा विहीन,

(ङ) उमेर र शारीरिक अशक्तता,

(च) अपाङ्गता भएका,

(छ) थप हिंसा हुनसक्ने जोखिम तथा अन्य कुनै मानवीय आधार।

७. कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने: आयोगले दफा ५ बमोजिम हिंसामा परेका महिलाहरुका लागि सेवा उपलब्ध गराउन कुनै सेवा प्रदायक संस्थाहरुमा प्रेषण गर्नका लागि संस्था छनौट गर्ने सिलसिलामा आशयपत्र माग गर्ने प्रयोजनार्थ देहायको विषय सहितको कार्यक्षेत्रगत शर्त तयार गर्नेछ ।

(क) सेवा प्रदायक संस्थाले प्रदान गर्नुपर्ने सेवाको प्रकृति र किसिम,

(ख) सेवा प्रदायक संस्थाको कार्यक्षेत्र, अनुभव र सम्पादन गर्नुपर्ने काम,

(ग) सेवा प्रदायक संस्थाले कुनै ज्ञान वा सीप हस्तान्तरण गर्नुपर्ने भए सो सम्बन्धी विवरण,

(घ) सेवा प्रदायक संस्थाले सेवा उपलब्ध गराउनुपर्ने अनुमानित समयावधि (सेवाको प्रकृति अनुसार),

(ङ) सेवा प्रदायक संस्थाले सेवा उपलब्ध गराएबापत पाउनसक्ने अनुमानित सेवा शुल्क/अनुदान,

राष्ट्रिय महिला आयोग भद्रकालीप्लाजा काठमाडौं

(च) सेवा प्रदायक संस्था छनौटको लागि तोकिएको न्यूनतम योग्यता,

(छ) खुलाउनुपर्ने अन्य सान्दर्भिक विषय ।

८. <u>सेवा प्रदायक संस्थाको छनौटका आधारहरु:</u> (१) हिंसा पीडित/प्रभावितहरुलाई दफा ४ को खण्ड (घ) मा उल्लेख भए बमोजिमका सेवाहरु उपलब्ध गराउने प्रयोजनका लागि आयोगले यस कार्यविधि बमोजिम सेवा प्रदायक संस्थाहरुको छनौट गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्था छनौट गर्दा देहायको कुराहरुलाई आधार लिनुपर्नेछः-

(क) प्रचलित कानून बमोजिम दर्ता भई नियमित रुपमा नवीकरण भएको,

(ख) गैर नाफामूलक र सेवामुखी कार्य प्रकृति भएको,

(ग) प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर प्रमाणपत्र लिएको,

(घ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र भएको,

(ङ) सम्बन्धित क्षेत्रमा कम्तीमा ५ (पाँच) वर्षको कार्य अनुभव भएको,

(च) सेवा सञ्चालनको लागि कुनै नियामक संस्थाबाट इजाजत पत्र वा आबद्धता पत्र लिनुपर्ने भए सो लिएको,

(छ) संस्थाको वार्षिक कार्ययोजना भएको,

(ज) सुरक्षित आश्रयस्थल, बालकल्याण गृह, मनोसामाजिक परामर्श केन्द्र, स्वास्थ्योपचार संस्था र प्रशिक्षण/तालिम केन्द्रको हकमा नेपाल सरकार वा सम्बन्धित नियामक संस्थाबाट तोकिएको न्यूनतम मापदण्ड पालना भएको,

(झ) सम्बन्धित सेवा प्रवाहको लागि आवश्यक भौतिक पूर्वाधारहरु (भवन, जग्गा आदि), आवश्यक साधनस्रोत (Logistics) तथा पर्याप्त र दक्ष जनशक्ति भएको,

(ञ) आपतकालीन अवस्थामा हिंसा पीडित महिला तथा बाल-बालिकाको उद्धारका लागि आवश्यक सवारी साधन भएको वा सोको व्यवस्था गर्न सक्ने क्षमता भएको,

(ट) आश्रयस्थल सेवा उपलब्ध गराउने सेवा प्रदायकको हकमा न्यूनतम प्राथमिक स्वास्थ्योपचार सेवा, मनोपरामर्श सेवा, कानूनी परामर्श सेवा र तत्काल संरक्षण सहयोग प्रदान गर्नसक्ने क्षमता भएको,

(ठ) संस्थाको सम्पूर्ण आर्थिक कारोबार बैङ्क खाताबाट सञ्चालन हुने तथा सूचना प्रविधि-मैत्री कार्यालय व्यवस्थापन भएको,

(ड) कार्य वातावरण स्वच्छ, स्वस्थ र मर्यादित साथै लैङ्गिक-मैत्री रहेको,

(ढ) प्रदान गरिएका सेवाहरुलाई समयमा नै "खबर गरौं ११४५ हेल्पलाइन सेवा" अन्तर्गतको मुद्दा व्यवस्थापन प्रणाली (Case Management System) मा अभिलेखीकरण गर्नसक्ने क्षमता भएको ।

९. <u>खुला रुपमा आशयपत्र माग गर्नुपर्ने:</u> आयोगले दफा ४ को खण्ड (घ) बमोजिम हिंसा पीडितहरुका लागि सेवा उपलब्ध गराउने प्रयोजनका लगि कम्तीमा १५ दिनको अवधि दिई राष्ट्रिय स्तरको पत्रिकामा दफा ७ बमोजिम स्वीकृत कार्यक्षेत्रगत शर्तमा तोकिए बमोजिमका कुराहरु खुलाई सार्वजनिक सूचना प्रकाशन गरी इच्छुक सेवा प्रदायक संस्थाहरुबाट आशय पत्र माग गर्नुपर्नेछ ।

१०. <u>संक्षिप्त सूची तयार गर्नुपर्ने:</u> दफा ९ बमोजिम पर्न आएका आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यांकन गरी आयोगले त्यस्तो सेवा उपलब्ध गराउन सक्ने तोकिएका प्रत्येक सेवाका लागि समान्यतः ३ वटा आशयपत्रदाताको छनौट गरी संक्षिप्त सूची तयार गर्नुपर्नेछ ।

११. <u>प्रस्ताव माग गर्नुपर्ने:</u> दफा १० बमोजिम संक्षिप्त सूची तयार भएपछि आयोगले सो सूचीमा परेका आशयपत्रदाताहरुलाई प्रस्ताव सम्बन्धी कागजात पठाई कम्तीमा १५ (पन्ध्र) दिनको समय दिई निजहरुबाट प्रस्ताव माग गर्नुपर्नेछ । प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख गर्नुपर्ने कुराहरु प्रचलित कानूनमा व्यवस्था भएबमोजिम हुनेछ ।

१२. सेवा प्रदायक संस्थाको छनौट विधि: (१) आयोगले हिंसा पीडित/प्रभावितहरुलाई दफा ४ को खण्ड (घ) मा उल्लिखित कुनै पनि किसिमको सेवा उपलब्ध गराउने प्रयोजनका लागि दफा १० बमोजिम संक्षिप्त सूचीमा सूचीकृत भएका तथा दफा ८ मा उल्लिखित आधारहरु पूरा गरेका सम्बन्धित क्षेत्रका कम्तीमा तीनवटा संस्थाहरुसँग प्राविधिक तथा वित्तीय प्रस्ताव माग गरी दुवैको मूल्यांकनबाट सबैभन्दा उपयुक्त देखिएको संस्थालाई छनौट गर्नुपर्नेछ ।

(२) सेवा प्रदायक संस्था छनौटको विधि गुणस्तर र लागत विधि अनुसार हुनेछ ।

(३) कुनै प्रस्ताव दाता संस्थाले दफा ८ को उपदफा (२) को खण्ड (क) देखि (छ) सम्ममा उल्लिखित विषयहरु पुष्टि गर्ने कागजातहरु पेश गरेको नपाइएमा मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन ।

(४) प्रस्ताव मूल्यांकन गर्दा प्राविधिक प्रस्तावलाई ७०% अङ्कभार र वित्तीय प्रस्तावलाई ३० % अङ्कभार कायम गरी गर्नुपर्नेछ । प्राविधिक प्रस्ताव अन्तर्गतको अङ्कभारलाई निर्धारण गर्दा देहायको कुराहरुलाई आधार बनाउनुपर्नेछ ।

(क) सेवा प्रदायक संस्थाको कार्यअनुभव,

(ख) सेवा प्रदान गर्ने तरिका र कार्यक्षेत्रगत शर्त प्रतिको प्रभावकारिता,

(ग) संस्थाले विगत पाँच वर्षमा प्रदान गरेको सेवा र लाभान्वितको संख्या,

(घ) मुख्य जनशक्तिको संख्या, योग्यता र अनुभव,

(ङ) संस्थाको भौतिक सम्पत्ति र अन्य साधनस्रोत (भवन तथा कोठा संख्या, जग्गाको परिमाण, निजी स्वामित्वमा रहेको वा भाडामा रहेको, सवारी साधनको उपलब्धता, शारीरिक तथा मानसिक स्वस्थता अभिवृद्धि सम्बन्धी सहयोगी सामग्रीहरुको उपलब्धता आदि)

१३. निरन्तरता दिन सकिने: (१) एक आर्थिक वर्षमा छनौट भई हिंसा पीडित/प्रभावितहरुका लागि सन्तोषजनक रुपमा सेवा प्रवाह गरिराखेको संस्थालाई आवश्यकता र औचित्यता

हेरी दफा १७ बमोजिमको लागत सीमाभित्र रही आयोगको निर्णयानुसार सेवा उपलब्ध गराउनका लागि निरन्तरता दिन सकिनेछ ।

(२) यो कार्यविधि लागू भएपछि हिंसा पीडित/प्रभावितहरुलाई विगतदेखि सेवा प्रदान गर्दै आएका र सन्तोषजनक रुपमा सेवा प्रवाह गरिरहेका संस्थाहरुलाई दफा १७ बमोजिमको लागत सीमाभित्र रही आयोगको निर्णयानुसार सेवा उपलब्ध गराउनका लागि निरन्तरता दिन सकिनेछ ।

१४. <u>प्राथमिकता दिनुपर्ने:</u> (१) सेवा प्रदायक संस्थाहरु छनौट गर्दा नेपाल सरकारका निकायहरु वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संस्थाहरुबाट प्रस्ताव प्राप्त भएमा त्यसलाई प्राथमिकता दिनुपर्नेछ ।

(२) सेवा प्रदायक संस्था छनौट गर्दा आयोगसँग विगतदेखि सहकार्य गरी सन्तोषजनक रुपमा सेवा प्रवाह गरिरहेका संस्थालाई प्राथमिकता दिनुपर्नेछ ।

(३) एकभन्दा बढी स्थानमा शाखा भएको सेवा प्रदायक संस्थालाई प्राथमिकता दिनुपर्नेछ ।

१५. <u>मूल्यांकन तथा सिफारिश समिति:</u> आयोगमा प्राप्त प्रस्तावहरुको यस कार्यविधि बमोजिम मूल्यांकन गरी उपयुक्त सेवा प्रदायक संस्था छनौटका लागि सिफारिश गर्न देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिश समिति रहनेछ:-

(क) आयोगको सचिव -संयोजक

(ख) आयोगको उजुरी तथा मुद्दा व्यवस्थापन शाखाको उपसचिव (कानून) -सदस्य

(ग) आयोगको महिला विकास समन्वय शाखाको उपसचिव -सदस्य

(घ) आयोगको प्रशासन तथा योजना शाखाको उपसचिव -सदस्य

(ङ) आयोगको लेखा अधिकृत -सदस्य

## परिच्छेद-४

## सेवा शुल्क/अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था

१६. <u>स्वीकृत बजेट र कार्यक्रम सीमाभित्र रही सेवा शुल्क/अनुदान उपलब्ध गराउनु पर्ने:</u> (१) आयोगले यस निर्देशिका बमोजिम सेवा प्रदायक संस्थाहरुलाई सेवा/अनुदान उपलब्ध गराउँदा आयोगलाई नेपाल सरकारबाट प्रत्येक आर्थिक वर्षको शुरुमा सम्बन्धित बजेट शीर्षक र कार्यक्रममा विनियोजित बजेट सीमाभित्र रही मात्र गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भई थप बजेट व्यवस्था गर्नुपर्ने भएमा अर्थ मन्त्रालयमा थप निकासा माग गरी पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको बजेट सीमाभित्र रही यस निर्देशिकामा उल्लेख भएबमोजिम प्रत्येक आर्थिक वर्षमा हिंसा पीडित/प्रभावितहरुलाई सेवा उपलब्ध गराउने सम्बन्धित सेवा प्रदायक संस्थाहरुसँग सम्झौता गरिनेछ ।

(४) सम्बन्धित आर्थिक वर्षको सेवा शुल्को भुक्तानी सोही आर्थिक वर्षभित्रै गरिसक्नुपर्नेछ । एक आ.व.मा भुक्तानी गर्न बाँकी रकमको दायित्व अर्को आर्थिक वर्षमा सार्न सकिने छैन । तर दफा १७ को उपदफा (ञ) बमोजिमको सेवाशुल्क भुक्तानी गर्न बाधा पर्ने छैन ।

(५) उपदफा (१) बमोजिमको सेवा शुल्क/अनुदान सहायताको भुक्तानी त्रैमासिक रुपमा गरिनेछ ।

१७. <u>सेवा शुल्क/अनुदान उपलब्ध गराउने सीमा:</u> (१) आयोगले सेवा प्रदायक संस्थाहरुलाई उपलब्ध गराउनसक्ने सेवा शुल्क/अनुदानको सीमा देहायबमोजिमक हुनेछ:

(क) हिंसा पीडित/प्रभावित महिलालाई सुरक्षित आश्रयस्थल सेवा (खाने-बस्ने तथा प्राथमिक स्वास्थ्योपचार सुविधा) उपलब्ध गराउने सेवा प्रदायक संस्थालाई प्रतिव्यक्ति प्रति महिना अधिकतम रु. ७,०००/- (अक्षरेपि सात हजार मात्र) उपलब्ध गराउन सकिने । एक महिनाभन्दा कम अवधि बसेकोमा बसेको दिनको लागि मासिक खर्चको दामासाहीका हिसाबले उपलब्ध गराउन सकिने ।

(ख) सुरक्षित आश्रयस्थलमा रहेका हिंसा पीडित/प्रभावितहरुमध्ये आयआर्जनमूलक कुनै व्यावसायिक सीप/तालिम सिक्न इच्छुक हिंसा पीडित/प्रभावितलाई सीपमूलक तालिम/प्रशिक्षण प्रदान गरेवापत प्रतिव्यक्ति लागत अनुसार अधिकतम रु. १५,०००/- (अक्षरेपि पन्ध्र हजार मात्र) उपलब्ध गराउन सकिने । यस्तो सुविधा एकजनालाई एक पटक मात्र उपलब्ध गराउन सकिने ।

(ग) हिंसा पीडित/प्रभावित बालबालिकालाई सुरक्षित आश्रयस्थल सेवा (खाने-बस्ने तथा प्राथमिक स्वास्थ्योपचार सुविधा) उपलब्ध गराउने सेवा प्रदायक संस्थालाई प्रतिव्यक्ति प्रति महिना अधिकतम रु.७०००/- (अक्षरेपि सात हजार मात्र) उपलब्ध गराउन सकिने । एक महिनाभन्दा कम अवधि बसेकोमा बसेको दिनको लागि मासिक खर्चको दामासाहीका हिसाबले उपलब्ध गराउन सहिने । साथै, विद्यालयमा पढ्ने सुविधा उपलब्ध गराएबापत प्रतिव्यक्ति मासिक अधिकतम थप रु.२,०००/- (दुइ हजार) उपलब्ध गराउन सकिने ।

(घ) हिंसाका कारण मानसिक स्वास्थ्यको समस्या भई आश्रयस्थल वा पुनःस्थापना केन्द्रमा पठाउनु पर्ने महिलाहरुलाई (खाने-बस्ने तथा सामान्य स्वास्थ्योपचार सुविधा) सेवा उपलब्ध गराउने सेवा प्रदायक संस्थालाई प्रतिव्यक्ति प्रति महिना अधिकतम रु.७०००/- (अक्षरेपि सात हजार मात्र) उपलब्ध गराउन सकिने । एक महिनाभन्दा कम अवधि बसेकोमा दिनको लागि मासिक खर्चको दामासाहीका हिसाबले उपलब्ध गराउन सकिने ।

(ङ) सुरक्षित आश्रयस्थलमा रहेका हिंसा पीडित/प्रभावित महिला तथा बालबालिकालाई ६-६ महिना गरी बार्षिक २ जोर लुगाकपडाका लागि प्रतिव्यक्ति अधिकतम रु. ५,०००/- (अक्षरेपि पाँच हजार मात्र) उपलब्ध गराउन सकिने ।

(च) मनोसामाजिक परामर्श सेवाको लागि प्रतिव्यक्ति प्रति परामर्श (काउन्सेलिङ्ग) अधिकतम रु. १,०००/- (अक्षरेपि रु. एक हजार मात्र) का दरले आवश्यकताअनुसार बढीमा दश पटकका लागि उपलब्ध गराउन सकिने । साथै, औषधी खर्च बापत अधिकतम रु ७,०००/- (अक्षरेपि सात हजार) र सरकारले तोकेबमोजिमको चिकित्सकको सेवा शुल्क उपलब्ध गराउन सकिने । अस्पतालमा भर्ना गराई उपचार गराउँदा अन्य निकायबाट औषधोपचारको खर्च नव्यहोरिने अवस्थामा बिल बमोजिमको अधिकतम २५,०००/- (अक्षरेपि पच्चीस हजार) सम्म उपलब्ध गराउन सकिने ।

(छ) खण्ड (क), (ग) र (घ) बमोजिमका सुरक्षित आश्रय स्थलमा रहेका हिंसा पीडित महिला तथा बालबालिकालाई स्वास्थ्य बीमा नभएको अवस्थामा तत्काल अस्पतालमा भर्ना गरी आकस्मिक उपचार गराउनुपरेको अवस्थामा सरकारी अस्पतालमा भर्ना गराई उपचार गराउँदा अन्य निकायबाट औषधोपचारको खर्च नव्यहोरिने भएमा बिल बमोजिमको अधिकतम २५,०००/- (अक्षरेपि पच्चीस हजार) सम्म उपलब्ध गराउन सकिने ।

(ज) हिंसा पीडित/प्रभावितका लागि कानूनी उपचारार्थ प्रति व्यक्ति प्रति मुद्दा १०, ०००/- (अक्षरेपि दश हजार) का दरले सहयोग उपलब्ध गराउन सकिने । सो रकमबाट सेवा प्रदायक संस्थाले एउटा मुद्दालाई किनारा नलागेसम्म प्रदान गर्नुपर्ने सबै सेवा (कानूनी परामर्श, मेलमिलाप, अदालतमा मुद्दा दर्ता, बहस पैरवी तथा प्रतिरक्षा आदि) उपलब्ध गराउनुपर्नेछ ।

(झ) यो निर्देशिका लागू हुनुपूर्व कानूनी सहायता उपलब्ध गराउने संस्थाहरुबाट कानूनी सहायता प्राप्त गरिरहेका तर मुद्दा नटुङ्गिएका हिंसा

पीडित/प्रभावितहरुमध्ये कानूनी सहायता आवश्यक पर्ने हिंसा पीडित/प्रभावितहरुलाई मुद्दाको किनारा नलागेसम्म प्रदान गर्नुपर्ने कानूनी सहायता उपलब्ध गराउने प्रयोजनार्थ २०० वटासम्म मुद्दामा सक्रिय रहेका सेवा प्रदायक संस्थालाई एकमुष्ट रु. ४,००,०००/- (अक्षरेपि चार लाख) र २०० देखि ४०० वटा मुद्दामा सक्रिय रहेकालाई एकमुष्ट रु. ६,००,०००/- (अक्षरेपि छ लाख) र सो भन्दा बढी मुद्दामा सक्रिय रहेका संस्थालाई सेवाशुल्क बापत एकमुष्ट रु. ८,००,०००/- (अक्षरेपि आठ लाख मात्र) उपलब्ध गराइनेछ। यस्तो सेवा शुल्क सम्बन्धित सेवा प्रदायक संस्थालाई एकपटक मात्र प्रदान गरिनेछ ।

१८. स्वास्थ्य बीमा गराउनुपर्नेः (१) सेवा प्रदायक संस्थाले सुरक्षित आश्रयस्थलमा एक महिनाभन्दा बढी अवधि रहेका हिंसा पीडित/प्रभावित महिला तथा आश्रित बालबालिकाको स्वास्थ्योपचारका लागि सम्भव भएसम्म नेपाल सरकारले सञ्चालनमा ल्याएको स्वास्थ्य बीमा गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य बीमा गराएकोमा त्यस्तो बीमा गराउँदा लागेको प्रिमियम/शुल्क सम्बन्धित सेवा प्रदायक संस्थालाई शोधभर्ना दिइनेछ । त्यसको लागि स्वास्थ्य बीमा गराएको सक्कल कागजपत्र आयोगमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्वास्थ्य बीमा गराएको हिंसा पीडित/प्रभावित व्यक्तिलाई दफा १७ को उपदफा (१) को खण्ड (छ) र (झ) बमोजिमको स्वास्थ्योपचार खर्च दिइने छैन ।

१९. तोकिएको सेवाका लागि खर्च गर्नुपर्नेः (१) दफा १२ बमोजिम छनौट भएको सेवा प्रदायक संस्थाले आयोगसँग जुन सेवा प्रदान गर्नको लागि सम्झौता भएको हो सोही प्रयोजनमा मात्र सेवा शुल्क/अनुदान खर्च गर्नुपर्नेछ । विशेष अवस्था परी सम्झौतामा उल्लेख गरिएको भन्दा फरक सेवाको लागि खर्च गर्नुपर्ने अवस्था सिर्जना भएमा आयोगको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) छनौट भएको कुनै सेवा प्रदायक संस्थाले सम्झौता बमोजिम आफूले प्रदान गर्नुपर्ने सेवा प्रवाह नगरी अर्को संस्थालाई सुम्पन वा जिम्मेवारी हस्तान्तरण गर्न पाउने छैन ।

(३) आयोगबाट प्राप्त सेवा शुल्क/अनुदान सम्बन्धित संस्थाले आफ्नो बार्षिक कार्यक्रममा समावेश गरी मितव्ययी, पारदर्शी र प्रभावकारी रुपमा खर्च गर्नुपर्नेछ ।

(४) प्राप्त सेवा शुल्क/अनुदानबाट भएको खर्चको हिसाब सम्बन्धित संस्थाले प्रचलित कानून बमोजिम राख्नुपर्नेछ ।

२०. सेवा शुल्क/अनुदान भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरु: सेवा प्रदायक संस्थाहरुले सेवा शुल्क/अनुदान भुक्तानी पाउनका लागि पेश गर्नुपर्ने कागजातहरु निम्नानुसार हुनेछन् ।

(क) आयोगसँग भएको सम्झौता पत्रको प्रतिलिपि,

(ख) आयोगबाट हिंसा पीडितलाई सेवा उपलब्ध गराउन लेखिएको पत्र वा सिफारिश पत्र,

(ग) सेवाग्राहीलाई उपलब्ध गराइएको सेवाको विवरण (सेवाग्राहीको संख्या, सेवाको किसिम आदि),

(घ) सेवा प्रवाह गर्दा लागेको बिलबमोजिमको खर्च,

(ङ) संस्थाको प्रगति विवरण र कार्ययोजना,

(च) अन्य सम्बन्धित कागजात ।

२१. कागजतहरु जाँच प्रमाणित गर्नुपर्ने: (१) सेवा प्रदायक संस्थाहरुबाट सेवा शुल्क/अनुदान सहायता भुक्तानी पाउनका लागि पेश भएका कागजातहरु सम्बन्धित शाखाले रुजु गरी सिफारिश गरेपश्चात् भुक्तानी दिइनेछ ।

२२. अभिलेख तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था: (१) आयोगले सेवा प्रदायक संस्थाहरुलाई उपलब्ध गराएको सेवा शुल्क/अनुदान भुक्तानी सम्बन्धी स्रेस्ताको अभिलेख व्यवस्थित रुपमा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको स्रेस्ताको प्रचलित कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण हुनेछ ।

२३. अनुगमन, निरीक्षण तथा निर्देशन सम्बन्धी व्यवस्था: छनौट भएका सेवा प्रदायक संस्थाहरुले प्राप्त गरेका सेवा शुल्क/अनुदान सम्बन्धित प्रयोजनका लागि खर्च गरे, नगरेको तथा प्रदान गरेको सेवाको गुणस्तर र प्रभावकारिता सम्बन्धमा आयोगले आवश्यकतानुसार निरीक्षण अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

२४. गुनासो तथा उजुरी व्यवस्थापन सम्बन्धी : (१) आयोगबाट छनौट भएको सेवा प्रदायक संस्थामा सिफारिश भएका हिंसा पीडित/प्रभावितहरुले सम्बन्धित संस्थाबाट प्रदान गरिएको सेवामा असन्तुष्ट भई वा कुनै आयोगमा उजुरी गरेमा आयोगले आवश्यकतानुसार

अनुगमन/छानवीन गरी आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको गुनासो वा उजुरी सम्बन्धमा छानविन गर्न आयोगले आवश्यकतानुसार अनुगमन वा छानबिन टोली खटाउन सक्नेछ ।

२५. <u>सम्झौता रद्द हुनसक्ने:</u> (१) कुनै पनि सेवा प्रदायक संस्थाहरुले सम्झौतामा उल्लेख गरिएको शर्त विपरीत हुने गरी कार्य गरेमा वा दफा २४ बमोजिमको अनुगमनको क्रममा सन्तोषजनक रुपमा सेवा प्रवाह गरेको नपाइएमा आयोगले कुनै पनि बखत सो संस्थासँग गरिएको सम्झौता रद्द गरी उपलब्ध गराउन बाँकी सेवा शुल्क/अनुदान रकम रोक्का गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै संस्थासँग गरिएको सम्झौता रद्द गर्नुपर्ने भएमा कम्तीमा सात दिनको म्याद दिई स्पष्टीकरण माग गर्नुपर्नेछ । तोकिएको समयभित्र स्पष्टीकरण पेश नगरेमा वा स्पष्टीकरण चित्त बुझ्दो नभएमा सम्झौता रद्द गरिनेछ ।

२६. <u>प्रगति विवरण पेश गर्नुपर्ने:</u> सेवा प्रदायक संस्थाले आफूले उपलब्ध गराएको सेवासम्बन्धी सबै विवरणहरु खुल्ने प्रगति विवरण आयोगमा मासिक रुपमा उपलब्ध गराउनु पर्नेछ । त्यस्तो प्रगति विवरण महिना ब्यतित भएपछी अर्को महिनाको सात गतेभित्र पेश गर्नुपर्नेछ ।

## परिच्छेद-५
## विविध

२७. <u>सहकार्य गर्नसक्ने:</u> (१) आयोगले लैङ्गिक हिंसा पीडितहरुको उद्धार, राहत, संरक्षण र अन्य आवश्यक सहयोग परिचालनका लागि इच्छुक सरकारी तथा गैरसरकारी निकाय, सामुदायिक संघसंस्थाहरुसँग समझदारी पत्रमा हस्ताक्षर गरी सहकार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समझदारी पत्रमा दुवै पक्षले निर्वाह गर्ने जिम्मेवारी, उपलब्ध गराउने सेवा, सुविधा तथा अन्य सहयोग र कुनै आर्थिक दायित्व वहन गर्नुपर्ने विषय भए सो समेत खुलाउनुपर्नेछ ।

२८. <u>विशेष समन्वय र सहकार्य गर्ने:</u> (१) हिंसा पीडित/प्रभावित महिला तथा बालबालिकाहरुलाई सम्भव भएसम्म नेपाल सरकारबाट संघ, प्रदेश र स्थानीय तहमा सञ्चालित सबैभन्दा नजिकको अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (

One Stop Crisis Management Centre) बाट प्राथमिक स्वास्थ्योपचार, मनोसामाजिक परामर्श र मेडिको-लिगल सेवा उपलब्ध गराउन प्राथमिकता दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा सिफारिश गरिएका हिंसा पीडित/प्रभावित बालिका, किशोरी र महिलाहरुलाई आवश्यक पर्ने अन्य कानूनी उपचार, संरक्षण, क्षमता विकास, पुनःस्थापना र सामाजिक पुनर्मिलन लगायतका एकीकृत सेवाका लागि सम्बन्धित केन्द्रले आयोग र सम्बन्धित स्थानीय प्रशासनसँग विशेष समन्वय र सहकार्य गर्नुपर्नेछ ।

(३) विशेष अवस्थाका हिंसा पीडित/प्रभावित महिला तथा बालबालिकाहरुको हिंसाको गाम्भीर्यतालाई हेरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा रहेको लैङ्गित हिंसा निवारण कोषबाट आवश्यक सहयोग उपलब्ध गराउन समन्वय गरिनेछ ।

२९. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस निर्देशिकामा उल्लिखित विषयमा यसै बमोजिम र उल्लेख नभएका विषयमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

३०. <u>खारेजी र बचाउः</u> (१) लैंगिक हिंसामा परेका महिला तथा बालबालिकालाई सहयोग उपलब्ध गराउन सेवा प्रदायक संस्था छनौट तथा सेवाशुल्क/अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ खारेज गरिएको छ।

(२) लैंगिक हिंसामा परेका महिला तथा बालबालिकालाई सहयोग उपलब्ध गराउन सेवा प्रदायक संस्था छनौट तथा सेवाशुल्क/अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

राष्ट्रिय महिला आयोग, भद्रकालीप्लाजा, काठमाडौं